# तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालन कार्यविधि, २०८१

## प्रस्तावना

नेपालको समग्र अर्थतन्त्र र अधिकांश जनताको जिविकोपार्जन, आयआर्जन एंव् रोजगारीको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले बढ्दो जनसङ्ख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन वृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न देशका तीनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एंव् विभिन्न सहयोगी निकायहरुको क्रियाशिलताले गुणस्तरीय उत्पादनमा वृद्धि हुँदै आएको छ। यस हेलम्बु गाउँपालिकाले छरिएर रहेका अधिकांश साना कृषकहरुको उत्पादनलाई एकीकृत गरी उनीहरुलाई सहजै बजार पहुँच पुर्याउन र यसमा संलग्न कृषक, व्यापारी, उपभोक्ता सबैलाई प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी "तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालन कार्यविधि, २०८१" तयार गरी जारी गरिएको छ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०८/१७ गते**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम हेलम्बु गाउँपालिकाको "तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

यो ऐन कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनुपर्दछ।

ख. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ग. "कार्यालय" भन्नाले संकलन केन्द्र तथा हाटबजार सञ्चालनको लागि अनुदान प्रवाह गर्ने निकायलाई सम्झनुपर्दछ।

घ. "संकलन केन्द्र" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरिद गरी वा संकलन मात्र गरी उपभोक्तालाई सोझै वा अन्य व्यापारी वा व्यवसायिक प्रतिष्ठाहरुलाई बेचबिखन गर्ने उद्देश्यले संचालित स्थललाई सम्झनुपर्दछ।

ङ. "संचालक समिति" भन्नाले गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगबाट स्थापना भएका हाटबजार तथा संकलन केन्द्रहरु संचालनको लागि गठन भएको समितिलाई सम्झनुपर्दछ।

च. "कृषि उपज" भन्नाले कृषि तथा पशुपालन क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा, मासु, अन्डा जस्ता ताजा

तथा नाशवान वस्तु, जिवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगायत समितिले तोकेको अन्य खाद्य वस्तुहरु र कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनुपर्दछ।

छ. "कृषि उपज बजार पूर्वाधार" भन्नाले कृषि उपज उत्पादन तथा बजारीकरणसँग प्रत्यक्ष सरोकार राख्ने देहाय बमोजिमको कार्यलाई सम्झनुपर्दछ।

१. कृषि उपज बिक्री वितरणको लागि बजार सेड वा भवन निर्माण गर्ने,

२. कम्पाउन्ड वाल, तारवार, रिटेनिङ्ग वाल निर्माण गर्ने,

३. भण्डारण कोठा, कार्यालय कोठा, सूचना कक्ष, कारोबार स्थल निर्माण गर्ने,

४. खानेपानी सुविधा सम्बन्धी पूर्वाधार, पालोपहरा कक्ष, शौचालय निर्माण गर्ने,

५. कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माण एंव् सञ्चालनका लागि आवश्यक अन्य सुविधा तयार गर्ने।

ज. "कृषक" भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनुपर्दछ भने "कृषक समूह" भन्नाले ती कृषकहरुको समूह र "सहकारी" भन्नाले ती कृषकहरुको सहकारी सम्झनुपर्दछ।

झ. "कृषि शाखा" भन्नाले हेलम्बु गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्दछ।

ञ. "सम्झौता" भन्नाले संकलन केन्द्र तथा हाटबजार सञ्चालनका लागि सहकारी वा समिति वा अन्य निकायहरु बीच गरिने सम्झौता सम्झनुपर्दछ।

ट. "थोक" भन्नाले पुनः बिक्री वितरण हुने गरी ५ किलो वा सो भन्दा बढी परिमाणलाई सम्झनुपर्दछ।

ठ. "खुद्रा" भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा खरिद बिक्री गर्ने परिमाणलाई सम्झनुपर्दछ।

ड. "संयोजक" भन्नाले अनुगमन, निरीक्षण र भाडादर निर्धारण समितिको संयोजक सम्झनुपर्दछ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य र सञ्चालन प्रक्रिया

**३. कार्यक्रमको उद्देश्यः**

क. छरिएर रहेका अधिकांश साना कृषकहरुको उत्पादनलाई एकीकृत गरी उनीहरुलाई सहजै बजार पहुँच पुर्याउने।

ख. यसमा संलग्न कृषक, व्यापारी, उपभोक्ता सबैलाई प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्ने।

ग. व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्ने।

**४. लक्षित समूहः** कषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी र उत्पादन तथा बजारीकरण र मूल्य शृङखलासँग सम्बन्धित सरोकारवाला सबै।

**५. प्रमुख क्रियाकलापहरुः** कृषि विकास शाखाले गाउँसभाबाट विनियोजित बजेटलाई मध्यनजर गरी कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत गराई तपसिलका क्रियाकलापहरु पर्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछः

**क) कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माणः**

कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माण प्रक्रिया देहाय अनुसार हुनेछः

अ) यस कार्यविधि बमोजिम कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माण गर्नको लागि प्रस्ताव स्वीकृत भैसकेपछि सम्बन्धित अनुदानग्राहीले प्रचलित सार्वजनिक खरीद ऐन र नियमावली अनुसार निर्माण कार्य उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गराउन सकिनेछ।

आ) उपभोक्ता समिति मार्फत गरिने कार्यका लागि सबै पक्षको काम, कर्तव्य, दायित्व र अधिकार खुल्ने गरी एक सम्झौता गर्नुपर्नेछ। त्यस सम्झौता पत्रमा आयोजना कार्यान्वयन, साझेदारी तथा बजार सञ्चालन सम्बन्धी शर्तहरु उल्लेख हुनेछन्।

इ) निर्माण कार्यको डिजाईन, ईष्टिमेट, प्राविधिक नाँपजाँच, सुपरिवेक्षण, रनिङ्ग बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयारीको लागि सम्बन्धित वडा प्राविधिकबाट गराउन सकिनेछ।

**ख) स्थल तथा स्टलहरु निर्माण तथा उपयोगः**

अ) संकलन केन्द्रमा उपलब्ध स्थल वा स्टलको उपयोग, नयाँ संरचना निर्माण र सोको व्यवस्थापन एंव् सदुपयोगको जिम्मेवारी संचालक समितिमा निहित रहनेछ जसलाई यस समितिको वार्षिक एंव् दीर्घकालीन योजना अनुसार प्रयोग गरिनेछ।

आ) स्कलन केन्द्रमा स्थल तथा उपलब्ध स्टलहरुलाई उक्त संकलन केन्द्रको सेवा क्षेत्रका कृषक, समूह, सहकारी, व्यापारी एंव् उपभोक्ताहरुले उपयोग गर्न सक्नेछन्।

**६. अनुदान रकम तथा भुक्तानी प्रक्रियाः**

क) अनुदान रकम स्वीकृत बजेटको परिधि भित्र रही लागत अनुमान अनुसार सम्झौताका शर्तमा उल्लेख भए अनुसार उपलब्ध गराईनेछ। यस कार्यक्रम अन्तर्गत कृषि उपज बजार पूर्वाधार निर्माण कार्यका लागि गरिएको लागत ईष्टिमेट तथा साझेदारीमा निर्माण गर्न स्वीकृत रकमको कम्तिमा श्रम सहभागिता सम्बन्धित साझेदार संस्थाले अनिवार्य रुपमा जुटाउनु पर्नेछ। कृषि उपज बजार निर्माण कार्यका लागि प्रस्ताव छनौट भएपछि, स्वीकृत रकमको बढीमा ५% रकम रनिङ्ग बिलका आधारमा कट्टी हुने गरी कार्यालयले कन्टिन्जेन्सीको रुपमा छुट्याउन सकिनेछ। उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचारप्रसार र प्राविधिक खर्च आदि शिर्षकहरुमा खर्च गर्नुपर्नेछ।

ख) यस कार्यक्रम अन्तर्गतको अनुदान रकम स्वीकृत कार्यक्रम अन्तर्गत तोकिएको स्थानमा कार्य लक्ष्यमा तोकिए बमोजिमका कृषि उपज बजार पूर्वाधारहरु निर्माण र सुदृढीकरण गर्ने कार्यमा मात्र खर्च गरिनेछ।

ग) भुक्तानी प्रक्रिया सबै कार्य सम्पन्न कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि एकमुष्ट रुपमा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनुपर्ने तथा सो कुरा बिलहरुमा स्पष्ट देखिएको हुनुपर्नेछ।

ङ) भुक्तानीका अन्य प्रक्रियाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ।

च) सम्बन्धित कार्यालयबाट उपभोक्ता समिति मार्फत निर्माण कार्य भएको अवस्थामा उपभोक्ता समितिको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराईनेछ।

छ) उपभोक्ता समिति वा निर्माण व्यवसायीले रङ्गिन बिल तथा तोकिएको निर्माण कार्य सकी कार्यसम्पन्न बिलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरीवेक्षण तथा प्राविधिकलाई नाँपजाँचको लागि निवेदन दिएको ७ दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँपजाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

## ६. तरकारी संकलन केन्द्र संचालक समितिको गठनः

तरकारी संकलन केन्द्रको संचालन एंव् व्यावस्थापन गर्न गाउँपालिकाको अध्यक्ष संरक्षक रहने गरी देहाय बमोजिम संचालक समिति गठन हुनेछ।

सम्बन्धित वडाको वडाअध्यक्ष - अध्यक्ष

गाउँपालिका अध्यक्षले तोकेको कृषि सहकारी वा समूहका प्रतिनिधि (दुईजना)- सदस्य

गाउँपालिका अध्यक्षले तोकेको अगुवा कृषक (तिनजना) - सदस्य

कृषि शाखा प्रमुख/कृषि प्राविधिक - सदस्य

## ७. संचालक समितिको काम कर्तव्यः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

७.१ संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने।

७.२ संकलन केन्द्रको संचालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था, सेवा शर्त र सुविधा यकिन गरी सम्बन्धित पालिकाबाट स्वीकृतिका लागि पेश गर्ने।

७.३ कृषि बजारको सम्बन्धमा आवश्यक सूचनाहरु सर्वसाधारणको लागि सम्प्रेषण गर्ने।

७.४ विभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मूल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने।

७.५ कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने।

७.६ बजार संचालन सम्बन्धि कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने।

७.७ बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने।

७.८ समितिले वार्षिक कार्ययोजना बनाई सहकारी मार्फत स्वीकृत गराई सोही बजेटको परिधिभित्र रहेर खर्च गर्ने।

७.९ गुणस्तरहिन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने उपज/बस्तु खरिद बिक्री गर्न नपाईने व्यवस्था मिलाउने।

७.१० प्रमाणिक नापतौल प्रणाली तथा आधिकारिक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल विपरीत कार्य गरेको पाईएमा सामाग्री/उपकरण जफत गरी कारबाही गर्ने।

७.११ बजारमा कारोबार गर्न चहाने कृषक, कृषक समूह, कृषि सहकारी, व्यापारी वा व्यवसायीले देहायका आचरण पालना गरे नगरेको अनुगमन गरी सोको सुनिश्चित गर्नुपर्नेछ।

क) संचालक समितिको कार्यालयमा समन्वय गरी स्पष्ट परिचय सहित दर्ता गर्नुपर्नेछ।

ख) समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनुपर्ने शुल्क समितिले तोके बमोजिम नगद वा बैंक दाखिला गर्नुपर्नेछ।

ग) समितिले वर्जित गरेका बस्तुहरु कारोबार गर्न पाईने छैन्।

घ) बजार स्थलमा सुर्तिजन्य पदार्थ, मादक पदार्थ आदि सेवन गर्न पाईने छैन।

ङ) बजारमा कारोबार गर्ने कृषक, समूह, सहकारी, व्यापारीहरुले समितिले व्यवस्था गरेको परिचय पत्र धारण गर्नुपर्नेछ।

च) समितिले माग गरेको जानकारी सहि तरिकाले उपलब्ध गराउनुपर्नेछ।

छ) समितिले लागू गरेका अन्य नीति नियमलाई पालना गर्नुपर्नेछ।

७.१२ समितिको कार्यालय सम्बन्धित कृषि उपज संकलन केन्द्र तथा हाटबजार केन्द्र परिसरमा रहनेछ।

## ८. कृषि उपजको बजारभाउ/मूल्य, बजारीकरण एंव् सूचना प्रकाशनः

८.१ सम्बन्धित संकलन केन्द्रमा आउने कृषि उपजहरुको थोक तथा खुद्रा मूल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा व्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मूल्य निर्धारण गरिनेछ। यसरी मूल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिनेछ। भाडादर/दरभाउ निर्धारण समिति देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क. आर्थिक प्रशासन शाखा प्रमुख | - संयोजक |
| ख. योजना शाखा प्रमुख | - सदस्य |

ग. कृषि शाखा प्रमुख - सदस्य सचिव

८.२ उपदफा ८.१ अनुसार निर्धारण हुने मूल्यमा कृषि उपजको गुणस्तर अनुसार थपघट हुन सक्नेछ जसलाई स्वयं व्यापारी र कृषक वा उपभोक्ताले निर्धारण गर्न सक्नेछन्।

८.३ विभिन्न ठूला बजार वा खरिदकर्ता व्यापारीहरुसँग समन्वय गरि सम्बन्धित संकलन केन्द्रमा आएको कृषि उपजहरुको बजारीकरणका लागि आवश्यकता अनुसार ति व्यापारीहरुसँग लिखित सम्झौता गरिनेछ।

८.४ बजारमा नियमित रुपमा कृषि उपजहरु विक्री गर्न ल्याउने कृषक, समूह र सहकारीहरु एंव् खरिद गर्ने व्यापारीहरुको कारोबारको तथ्याङ्क अध्यावधिक गर्ने। उक्त तथ्याङ्कको आधारमा उत्कृष्ट कृषक एंव् व्यापारीहरुलाई प्रोत्साहन एंव् पुरस्कृत गरिनेछ।

८.५ यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुँचमा हुने गरी प्रकाशन गरिनेछ।

**९. कार्यक्रम संचालन विधि/न्युनतम मापदण्ड/प्रासङ्गिक विषय:** पालिकाले १५ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नेछ। सूचना पश्चात अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन साथ अनुसूची-२ वा ३ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ र आर्थिक विकास समितिको निर्णयबाट छनौट भएका लाभग्राहीहरुसँग अनुसूची-४ बमोजिम सम्झौता गरिनेछ। कार्यक्रम संचालन गर्दा माथि उल्लेखित क्रियाकलापहरुसँग सम्बन्धित अन्य क्रियाकलाप गर्न सकिनेछ।

**१०. कृषि उपज बजार संकलन केन्द्र निर्माणको लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथामिकता प्राप्त पूर्वाधारहरु:**

| क्र.स. | बजार स्थलको प्रकार | न्यूनतम क्षेत्रफल | प्राथामिकता प्राप्त पूर्वाधारहरु |
|---|---|---|---|
| १ | थोक बजार | १ विगाहा वा १३ रोपनी | कम्पाउन्ड वाल, एप्रोच रोड, शौचालय, कार्यालय, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |
| २ | खुद्रा बजार | १.५ कठ्ठा वा १ रोपनी | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३ | **संकलन केन्द्र** | **१.५ कठ्ठा वा १ रोपनी** | **सेड, स्टोर, तौलिने सुविधा, खानेपानी, शौचालय, संचार, सूचना** |
| ४ | **हाटबजार (संकलन केन्द्र सहितको)** | **४.५ कठ्ठा वा ३ रोपनी** | सेड, खानेपानी, शौचालय, संचार, सूचना सुविधा |
| ५ | हाटबजार (संकलन केन्द्र बाहेकको) | ४ कठ्ठा वा २.५ रोपनी | सेड, खानेपानी, शौचालय |

## परिच्छेद-३
## विविध

**११. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्मस:** कृषि उपज संकलन केन्द्र तथा हाटबजार स्थापना तथा सञ्चालन कार्यक्रम अन्तर्गत माथि उल्लेखित शिर्षकका कार्यक्रम

संचालन गर्ने बाहेकको कार्यक्रम गर्नुपर्दा पालिकाबाट ८० (असी) प्रतिशतसम्म अनुदान दिन सकिनेछ।

**१२. बजेटको व्यवस्थाः** कृषि उपज संकलन केन्द्र तथा हाटबजार स्थापना तथा सञ्चालन कार्यक्रम संचालनका लागि गाउँसभाले आवश्यक बजेटको व्यवस्था गर्नेछ।

**१३. अनुगमन/मुल्याङ्कनः** गाउँपालिकाका उपाध्यक्षको संयोजक र कृषि शाखा प्रमुख सदस्य सचिव रहने गरी अनुगमन समिति गठन गरी सो समितिबाट तोकिएअनुसार अनुदानको उपयोग गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्नेछ। अनुगमनमा खटिए बापत समितिका पदाधिकारीहरुलाई कानून बमोजिम दैनिक भत्ता उपलब्ध हुनेछ। समिति देहाय बमोजिम रहनेछः

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| आर्थिक विकास संयोजक | - सदस्य |
| सम्बन्धित वडा अध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य |
| पशु सेवा शाखा प्रमुख | - सदस्य |
| सम्बन्धित वडा प्राविधिक | - सदस्य |
| कृषि शाखा प्रमुख | - सदस्य सचिव |

**१४. बाधा अड्काउ फुकाउनेः**

क. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार हेलम्बु गाउँ कार्यपालिकाको हुनेछ।

ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

# अनुसूची (१)
## दफा ९ सँग सम्बन्धित
## कार्यक्रम मागको आवेदन फारम ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
हेलम्बु गाउँकार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक।

विषयः कार्यक्रममा सहभागि हुने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट संचालन गरिने तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार संचालन कार्यक्रम प्राप्तिका लागि हाम्रो कृषक समूह/सहकारी संस्थाको निर्णय प्रतिलिपी र तपसिलको विवरण सहित यो निवेदन पेश गरिएको छ। कार्यालयले तोकिएको कार्यविधिहरु अपनाई सोही अनुसार कार्यक्रम संचालन गर्न पुर्ण रुपमा मञ्जुर भएको व्यहोरा समेत अनुरोध छ।

तपसिलः

१. कार्यक्रम मागको निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय
४. दर्ता प्रमाणपत्र, प्यान नं र कर चुक्ताको प्रतिलिप
५. कार्यक्रम कार्यान्वयन सम्बन्धि प्रतिबद्धता पत्र
६. अन्य आवश्यक कागजातहरु।

## अनुसूची (२)

## दफा ९ सँग सम्बन्धित

## नयाँ बजार पूर्वाधार/संकलन केन्द्र निर्माणको लागि प्रस्तावको ढाँचा

१. कस्तो बजार संरचना निर्माण गर्न खोजेको हो? प्रस्तावित निर्माण कार्यको संक्षिप्त परिचयात्मक जानकारी:

२. निर्माण कार्य गरिने जग्गाको क्षेत्रफल

२.१ जम्मा क्षेत्रफल...............

२.२ प्रस्तावित निर्माण क्षेत्रको क्षेत्रफल..............

२.३ निर्माण कार्य पश्चात खुला क्षेत्रको क्षेत्रफल............

२.४ भोगाधिकार र स्वामित्व कसमा निहित छ...............

३. निर्माण कार्य गरिने जग्गाको छनौटका आधारहरु

३.१ कस्तो स्थानमा निर्माण कार्य गरिने हो? भौगोलिक अवस्थिति विवरण....................

३.२ कति जनसङ्ख्यालाई सेवा पुग्छ? जनसङ्ख्या............

३.३ संकलन केन्द्र निर्माण पश्चात गाउँ/बजार/शहर आदिसँगको निकटता र दुरीको अवस्था.....................

४. निस्कासित फोहोर व्यवस्थापन गर्ने प्रक्रिया कस्तो हुनेछ.........................

५. निर्माण संरचनाको पूर्वाधारको प्रकृति र प्राविधिकबाट स्वीकृत प्रारम्भिक नक्सा तथा डिजाईनको विवरण (छुट्टै पानामा संलग्न गर्ने)....................

६. निर्माण संरचनाको लागत ईष्टिमेट (छुट्टै पानामा संलग्न गर्ने)..................

७. साझेदारहरु समेतबाट निर्माण गर्ने भए त्यस्ता साझेदारहरुको विवरण (लिखित प्रतिबद्धता भएको पत्र)

८. साझेदार संस्थाबाट हुने लागत सहभागिता र अन्य योगदानको विवरण................

९. निर्माण प्रक्रिया- अमानत, निर्माण व्यवसायी, उपभोक्ता समिति वा कृषक समूह वा सहकारी मार्फत निर्माण हुने हो उल्लेख गर्ने.........................

१०. उपभोक्ता समिति वा कृषक समूह मार्फत निर्माण हुने हो भने समितिका पदाधिकारीहरुको नामावली तथा सहकारी मार्फत सञ्चालन हुने हो भने सञ्चालक समसतिका पदाधिकारीहरुको नामावली (छुट्टै पानामा संलग्न गर्ने).........

११. संकलन केन्द्र सञ्चालनमा कुन संस्था र समिति जिम्मेवार हुने हो सोको विवरण......

१२. निर्माण कार्यका अपेक्षित उपलब्धिहरु

१२.१ व्यवसायिक उत्पादन क्षेत्रको विस्तार (कुन कृषि बालीको उत्पादन क्षेत्र कति विस्तार हुन्छ रोपनी वा बिघा उल्लेख गर्ने)

१२.२ उत्पादनमा बद्धि (मुख्य मुख्य कृषि बालीको उत्पादन खुलाउने)

१२.३ संकलन केन्द्र तथा हाटबजार सञ्चालन भएपछि बजार लागत कम हुन्छ कि हुदैंन.................

१२.४ बजार प्रक्रियाको सरलता र सहजता (बजार केन्द्र स्थापना भएपछि कृषि उपजक बजारमा पुर्याउन सजिलो हुन्छ कि हुदैंन उल्लेख गर्नुहोस्)......................................
१२.५ अनुमानित कृषि उपजको कारोबार (ताजा तरकारी/फलफूल/खाद्यान्न/माछा/मासु/पशुपंक्षी अन्य) को परिमाण उल्लेख गर्ने............
१३. लक्षित/लाभान्वित क्षेत्र तथा समूहः संकलन केन्द्र तथा हाटबजार स्थापना ले कुन-कुन पकेट क्षेत्र र कति जनसङ्ख्या लाभान्वित हुन्छन् उल्लेख गर्ने.............................

प्रस्ताव पेश गर्ने निकाय................................................
सम्बन्धित निकायको अध्यक्षको नाम.....................................
दस्तखत..............................
मिति.................................
कार्यालय/संस्था/निकायको छापः.......................

नोटः माथि प्रस्तावमा माग भएका विवरणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, अन्यथा छनौट प्रक्रियाको लागि मान्य हुने छैन्।

# अनुसूची (३)

## दफा ९ सँग सम्बन्धित

## पुराना बजार पूर्वाधार/संकलन केन्द्र मर्मत सुधार तथा पूर्वाधार सुविधा विस्तारका लागि प्रस्तावको ढाँचा

१.बजारको संक्षिप्त जानकारी

क. बजारको किसिम (खुद्रा/थोक/संकलन केन्द्र/हाटबजार).............

ख. स्थानीय उत्पादन परिमाण (मे.ट./ दैनिक र वार्षिकमा).............

ग. हालको कारोबारको परिमाण (मे.ट./ दैनिक र वार्षिकमा).............

घ. स्थापना मिति...................

ङ. कारोबारमा संलग्न सदस्य सङ्ख्या.....................

२. हाल बजार सञ्चालन भैरहेको प्रक्रियाः कुन कार्यविधि वा निर्देशिका बमोजिम बजार सञ्चालन भैरहेको छ। (बजार संचालक समिति/उपभोक्ता समिति/संस्थागत/व्यक्तिगत)

३. वर्तमान अवस्था

(समितिको आय स्थिति र मौज्दात रकम कति छ?) उल्लेख गर्ने

४. बजार पूर्वाधार (भवन) को कुल क्षेत्रफल

(हाल बाँकी रहेको खुला क्षेत्रफल समेत उल्लेख गर्ने)

५. फोहोर व्यवस्थापन कसरी भैरहेको छ र समस्याहरु भए उल्लेख गर्ने..............

६. थप मर्मत सुधार तथा निर्माण गर्नुपर्ने कार्यहरु......................

७. मर्मत सुधार तथा निर्माण कार्य गर्नुको कारण......................

८. निर्माण संरचनाको प्रारम्भिक नक्सा (डजाईन).....................

९. अब निर्माण गरिने र मर्मत सम्भार गरिने संरचनाको लागत ईष्टिमेट  र नक्सा डिजाईन...................

१०. साझेदारहरु भए त्यस्ता साझेदारहरुको नाम नामेशी विवरण (लिखित प्रतिबद्वता भएको मात्र)

११. साझेदार संस्थाबाट हुने लागत सहभागिता/अन्य योगदान उल्लेख गर्ने................

१२. निर्माण प्रक्रिया- अमानत, निर्माण व्यवसायी, उपभोक्ता समिति वा कृषक समूह वा सहकारी मार्फत निर्माण हुने हो उल्लेख गर्ने........................

१३. उपभोक्ता समिति वा कृषक समूह मार्फत निर्माण हुने हो भने समितिका पदाधिकारीहरुको नामावली तथा सहकारी मार्फत सञ्चालन हुने हो भने सञ्चालक समसतिका पदाधिकारीहरुको नामावली (छुट्टै पानामा संलग्न गर्ने).........

१४. निर्माण कार्यका अपेक्षित उपलब्धिहरु

१४.१ व्यवसायिक उत्पादन क्षेत्रको विस्तार (कुन कृषि बालीको उत्पादन क्षेत्र कति विस्तार हुन्छ रोपनी वा बिघा उल्लेख गर्ने)

१४.२ उत्पादनमा बद्धि (मुख्य मुख्य कृषि बालीको उत्पादन खुलाउने)

१४.३ संकलन केन्द्र तथा हाटबजार सञ्चालन भएपछि बजार लागत कम हुन्छ कि हुदैंन.................

१४.४ बजार प्रक्रियाको सरलता र सहजता (बजार केन्द्र स्थापना भएपछि कृषि उपजक बजारमा पुर्याउन सजिलो हुन्छ कि हुदैंन उल्लेख गर्नुहोस्).....................................

१४.५ अनुमानित कृषि उपजको कारोबार (ताजा तरकारी/फलफूल/खाद्यान्न/माछा/मासु/पशुपंक्षी अन्य) को परिमाण उल्लेख गर्ने...........

१५. लक्षित/लाभान्वित क्षेत्र तथा समूहः संकलन केन्द्र तथा हाटबजार स्थापना ले कुन-कुन पकेट क्षेत्र र कति जनसङ्ख्या लाभान्वित हुन्छन् उल्लेख गर्ने............................

प्रस्ताव पेश गर्ने निकाय.......... .....................................

सम्बन्धित निकायको अध्यक्षको नाम.....................................

दस्तखत..............................

मिति..................................

कार्यालय/संस्था/निकायको छापः.......................

नोटः माथि प्रस्तावमा माग भएका विवरणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, अन्यथा छनौट प्रक्रियाको लागि मान्य हुने छैन्।

## अनुसूची (४)

## दफा ९ सँग सम्बन्धित

## तरकारी संकलन केन्द्र स्थापना तथा हाटबजार सञ्चालन कार्यविधि, २०८१

## सम्झौता पत्रको ढाँचा

यो सम्झौता पत्र .............................. कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र .................................... कृषक/समूह/सहकारी संस्था .... वडा नं ................ टोल (यस पछिको दोस्रो पक्ष भनिएको) तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ................... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति .................. गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन्।

३. भुक्तानी प्रक्रिया सबै कार्य सम्पन्न कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि एकमुष्ट रुपमा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ। साथै अनुदानग्राहीले रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्नको कार्यक्रम झल्कने फोटोहरु र बिल भर्पाई पेश गर्नुपर्नेछ।

४. अनुदान बापत रु..................(अक्षरुपी .............................................मात्र) नियमानुसार करकट्टी गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको पुर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

७. पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्दा दोस्रो पक्षले निर्माण तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्नेछ।

८. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीको लागि Public Audit गराउनु पर्नेछ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिँदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा भुक्तानी दिनेछ।

१०. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

११. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१२. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नुपर्नेछ।

१३. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१४. दुवै पक्षबीच सम्झौता भएको मिति देखी लागू हुने गरी प्रथम पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित एन नियमानुसार हुनेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम : | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**साक्षी**

दस्तखतः

नाम :

पदः

मितिः

कार्यालयको छापः